"विविधतायुक्त शहर, समुन्त एवं सम्बृद्ध व्यास नगर"

# व्यास नगरपालिका कार्यालय

## दमौली, तनहुँ

# वातावरणमैत्री वडा घोषणा कार्यक्रमका लागि तयार पारिएको व्यास नगरपालिका वडा नं. १३ को प्रगति प्रतिवेदन

## २०७३ असार १७


## प्रतिवेदक

## बरिष्ठ आलेप अधिकृत कुमार कंचन जि.सी.

## कम्प्यूटर अधिकृत गोकर्णराज वाग्ले

# दुई शब्द

वातावरण स्वच्छ, सफा, हराभरा भए मात्र सम्पूर्ण जीव, वनस्पति उपयुक्त ढंगबाट जिउन सक्छ । तसर्थ नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वातावरण शाखा मार्फत देशका केही नगरपालिकाहरुमा लागु गरिएको वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP) ले नगरपालिकाहरुलाई वातावरण जोगाउन, वातावरण संरक्षण गर्न देखि लिएर वातावरणमैत्री स्थानीय शासन लागू गर्न सहयोग पुगेको छ । यस नगरपालिकाको वडा नं.१३ लाई वातावरणमैत्री वडा घोषणा गर्ने सन्दर्भमा आधारभूत सूचकहरु भए नभएका बारे स्थलगत निरीक्षण गर्दा सूचकहरु पुरा भएको देखियो । यसै परिप्रेक्ष्यमा यस नगरपालिकाको वडा नं.१३ लाई वातावरणमैत्री वडा घोषणा गर्न सुझाव, सल्लाह प्रदान गर्नु हुने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका वातावरण शाखाका उपसचिव श्री चक्रपाणी शर्माज्यू, व्यास नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री डिल्लीराम सिग्देलज्यू लगायत सम्पूर्ण कर्मचारीहरु, नगरस्तरीय राजनैतिक दल लगायत सम्पूर्ण वडा नं.१३ का ३२५ घरधुरीका घरधनीप्रति धन्यवाद टक्रयाउँदै यो प्रतिवेदन स्थलगत रुपमा अवलोकन गरी घरपरिवार तह, टोल तह र वडा तहका सम्पूर्ण आधचारभूत सूचकहरु भएको झलकहरु संगै यो प्रतिवेदन पेश गरिएको छ । साथै यो प्रतिवेदन तयार पार्न सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी साथीहरु, वडास्तरीय वातावरणमैत्री समन्वय समिति लगायत यससंग सम्बन्धित भएर कार्य गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

कुमार कंचन जि.सी.
बरिष्ठ आलेप अधिकृत
व्यास नगरपालिका कार्यालय

# व्यास नगरपालिका
# दमौली, तनहुं
# वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP) सम्बन्धी कार्यगत योजनाहरुको प्रगति विवरण

**परिचयः**

नेपालको तत्कालिन अन्तरिम संविधान २०६३ र त्यसपछि नेपालको संविधान २०७२ ले स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकार प्रत्याभूत गरेको तथ्यलाई मनन गर्दै घर परिवार, टोल र वडा हुँदै सिंगो नगरपालिकालाई वातावरणमैत्री निर्माण गर्नको लागि नगरका आम जनसाधारणमा वातावरण चेतना जगाउने, वन्यजन्तु, वनस्पति, जैविक विविधताको संरक्षण गर्ने र तिनीहरुको विकासलाई दीगो रुपमा उपयोग गर्ने गरी नगरका हरेक विकास निर्माणलाई वातावरणसँग समन्वय गरी अगाडि बढाइनेछ । यस नगरपालिकाले आर्थिक वर्ष २०७२।०७३ देखि वातावरणमैत्री कार्यक्रम लागू गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा निर्माण भएको वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० ले तोकेका सूचकहरुलाई कसरी टोलबासी, वडाबासी लगायत समग्र नगरबासी समक्ष जानकारी गराई यस प्रारुपको मर्म र भावना अनुरुप वातावरण संरक्षण सम्बन्धी कार्य गर्न प्रारुप २०७० को नियम ६.४ मा गरिएको संस्थागत व्यवस्था अनुरुप उपनियम (ङ) वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति गठन गरी सो समितिबाट कार्य योजना तयार गरी लागू गरिएको छ ।

**उद्देश्य**

नगरपालिकाका टोल विकास संस्था अन्तर्गत गठन भएको सम्पूर्ण घर परिवार तहदेखि टोलस्तर हुँदै वडास्तर सम्म वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम लागू गर्न देहायका उद्देश्य राखिएको छ ।

१) वातावरणमैत्री सम्बन्धी कार्यक्रमलाई जनस्तरसम्म पुर्याई दीगो विकास गर्न आधारभूतस्तर देखि नै सबैलाई जिम्मेवार बनाउने,

२) वातावरणलाई हरेक विकास योजनासँग समन्वय तथा सहकार्य गर्न प्रोत्साहित गर्ने,

३) वातावरणमैत्री व्यवस्थापनलाई स्थानीयकरण गरी स्थानीयस्तरका टोल विकास संस्था, वडा नागरिक मंच र नागरिक सचेतना केन्द्र जस्ता सामुदायिक संस्थाहरुलाई जिम्मेवारी एवं स्वामित्व प्रदान गर्ने,

४) नगरपालिकाकाको स्थानीय शासन पद्धति तथा क्रियाकलापहरुलाई वातावरणमैत्री बनाउन पहलकदमी गर्ने,

५) नगरपालिकाका सम्पूर्ण वडाहरुलाई वातावरणमैत्री वडा घोषण गर्न आधारभूत सूचकका बारेमा जानकारी गराउने,

वातावरणमैत्री वडा घोषणा गर्ने कार्य योजना वडा नं.१३

क) घरधुरी संख्याः ३२५

ख) टोल विकास संस्थाः ७

ग) नागरिक सचेतना केन्द्रः १

घ) वडा नागरिक मंचः १

ङ) विपद व्यवस्थापन समितिः १

च) वडास्तरीय वातावरण समिति १ सदस्य संख्या १३

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा तयार गरिएको वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० को अध्याय ३ मा नगर क्षेत्रका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको ३.१ घर परिवार तह, ३.२ टोल तह र ३.३ वडा तह सम्मका आधारभूत सूचकहरुलाई कार्यान्वयन एवं लागू गर्ने गरी देहायका कार्य योजना लागू गरिएको थियो ।

वडास्तरीय वातावरणमैत्री समिति वडा नं.१३ को कार्य योजना

| सि.नं. | क्रियाकलाप | समयावधि | | | | | | | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाख | | | | जेठ | | | | असार | | | | |
| | | पहिलो हप्ता | दोस्रो हप्ता | तेस्रो हप्ता | चौथो हप्ता | पहिलो हप्ता | दोस्रो हप्ता | तेस्रो हप्ता | चौथो हप्ता | पहिलो हप्ता | दोस्रो हप्ता | तेस्रो हप्ता | चौथो हप्ता | |
| १ | वडास्तरीय वातावरण समिति गठन | | | | | | | | | | | | | वडा सचिव |
| २ | विपद व्यवस्थापन समिति | | | | | | | | | | | | | वडास्तरीय वातावरण समिति |
| ३ | वडास्तरमा वातावरणमैत्री अभिमुखीकरण | | | | | | | | | | | | | सम्पर्क व्यक्ति |
| ४ | विद्यालयस्तरमा वातावरणमैत्री अभिमुखीकरण | | | | | | | | | | | | | सम्पर्क व्यक्ति |
| ५ | घर परिवार तहको अनुगमन | | | | | | | | | | | | | वडास्तरीय वातावरण समिति |
| ६ | प्रमुख सूचक सम्बन्धमा संयोजक छनौट | | | | | | | | | | | | | वडास्तरीय वातावरण समिति |
| ७ | टोल विकास संस्था वातावरणमैत्री घोषणा | | | | | | | | | | | | | नगरस्तरीय वातावरण समिति |
| ८ | अनुगमन | | | | | | | | | | | | | नगरस्तरीय वातावरण समिति |
| ९ | वडास्तरीय वातावरणमैत्री घोषणा | | | | | | | | | | | | | नगरस्तरीय वातावरण समिति |

३.१ घर परिवार तह

(क) आधारभूत सूचकहरु

घरपरिवार तहका आधारभूत सूचकहरु लागू गर्ने सम्बन्धमा भएको कृयाकलापहरु एवं स्थलगत निरीक्षणमा देखिएको अवस्था ।

१) -प्यान सहितको चर्पी प्रयोग भएको घरधुरी संख्या: ३२५

-प्यान सहितको चर्पी प्रयोग नभएको घरधुरी संख्या: ०

२) घर कम्पाउण्ड भित्र फोहरको उचित व्यवस्थापन भएको घरधुरी संख्या: ३०५

पुनश्च: फोहर वर्गीकरण भएको: कुहिने र नकुहिने गरी राखेको र प्लाष्टिक संकलन भएको ।

३) उर्जाको प्रयोग:





४) हरियाली तथा सहरी सौन्दर्य प्रवर्द्धन





५) वर्षातयामको पानी संकलन र भण्डारण



६) शुद्ध खानेपानीः प्रत्येक घरधुरीले सफा मुल, धारा, कुवाबाट सफा भाँडोमा संकलन गरी आवश्यकता अनुसार शुद्धिकरण गरी पिउने गरेको ।


३.२ टोल तह

(क) अधारभूत सूचक

टोल तहमा लागू गर्ने आधारभूत सूचकहरु लागू गर्ने सम्बन्धमा भएका क्रियाकलापहरु एवं स्थलगत निरीक्षणमा देखिएका अवस्था ।

१) टोल विकास संस्था गठन

- ९५ प्रतिशत घर परिवार सहित संलग्न भएको ७ वटा टोल विकास संस्था गठन भई मिति २०७२ बैशाख १३ मा नगरपालिकामा सूचिकृत गरिएको ।



"विविधतायुक्त शहर, समुन्नत एव समृद्ध व्यास नगर"
नेपाल सरकार
व्यास नगरपालिका कार्यालय
Government of Nepal
VYAS MUNICIPALITY OFFICE
दमौली, तनहूँ
Damauli, Tanahun

प. स. २०७१।०७२
च.नं. ८४६०

मिति: २०७२।०१।१३

**बिषय: टोल बिकास संस्था दर्ता सम्बन्धमा ।**

प्रस्तुत बिषयमा व्यास नगरपालिका वडा नं. १३ मा मिति २०७२।०१।०८ मा गठन गरिएको ४१ घरधुरी रहेको त्यस टोल बिकास संस्थाको मिति २०७२।०१।१३ मा यस कार्यालयमा टोल दर्ता गरिपाउं भनि पर्न आएको निबेदन अनुसार तपसिलमा उल्लेख भए अनुसारका टोल बिकास संस्था लाई यस कार्यालयमा दर्ता (दर्ता नं ९१५) गरिएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

टोल बिकास संस्थाको नाम: आसापानी टोल बिकास संस्था
टोलको प्रचलित पुरानो नाम: आसापानी

टोलको सिमाना:

पूर्व: वेगाने भालुकुना सामुदायिक बन
पश्चिम: रुदे खोला
उत्तर: छाब्दि खोला
दक्षिण: पाडेको चौतारो

पदाधिकारीको नाम:

अध्यक्ष: माया वस्ताकोटी
सचिब: विष्णु बराल
कोषाध्यक्ष: देविकला ढुङ्गेल

कुमार कञ्चन जि सी
वरिष्ठ अ ले प अधिकृत

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"
Phone No. 065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np

२) टोल सरसफाई अभियान संचालन



३) संस्थाको वातावरणीय सुशासन

-टोल विकास संस्थाको मासिक बैठक बस्ने गरेको र निर्णयहरु हुने गरेको ।

-जुन ५, २०१६ मा वातावरण दिवसको उपलक्ष्यमा टोल सरसफाई गर्ने निर्णय भई सरसफाई सम्बन्धी कार्यक्रम गरेको ।

४) सहरी सौन्दर्य प्रबर्द्धन

-टोल विकास संस्थाको सक्रियतामा घरघरमा फुलको व्यवस्था गरेको



३.३ वडा तहको आधारभूत सूचकहरु

वडा तहमा लागू गर्ने आधारभूत सूचकहरु लागू गर्ने सम्बन्धमा भएका क्रियाकलापहरु एवं स्थलगत निरीक्षणमा देखिएका अवस्था

१) खानेपानीको मुहान संरक्षण भएको

- कुल खानेपानी मुहान भएको संख्याः १५





- उक्त मुहान मध्ये ४ वटा लाई व्यवस्थित रुपमा संरक्षण गरिएको

२) फोहरमैला व्यवस्थापन

- फोहर वर्गीकरण भएको



३) पोखरी निर्माण तथा व्यवस्थापन

- कुल पोखरी संख्या: २
- पोखरी संरक्षण समिति गठन भएको
- पोखरी संरक्षण



४) आपतकालिन सुरक्षा क्षेत्र तोकिएको

- आपतकालिन क्षेत्र तोक्ने निर्णय भई संकेत दिएको

५) नर्सरीको निर्माण



६) खाली पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रबर्द्धन

- कुल वन क्षेत्र: २६९.०१ हेक्टर
- खाली पर्ती तथा सार्वजनिक जग्गाको क्षेत्रफल: ०.७२१ वर्ग कि.मी.

## वातावरणमैत्री घर परिवार तहदेखि नगर तहसम्म वातावरणमैत्री स्थानीय शासन कार्यक्रमका विविध गतिविधिहरुको झलक

-संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा नगरपालिकाका सर्वदलीय लगायत सरोकारवालालाई वातावरणमैत्री स्थानीय शासन सम्बन्धी २०७३ बैशाख १२ गते अभिमुखीकरण कार्यक्रम संचालन गर्नु हुंदै सहसचिव श्रीमान् गोपीकृष्ण खनालज्यू र उपसचि श्रीमान् चक्रपाणी शर्माज्यू






-संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्रीमान् महेन्द्रमान गुरुङज्यूद्वारा नगरपालिकाका सम्पूर्ण वडाका महिलाहरुलाई प्लाष्टिकको विकल्पका रुपमा प्रयोग हुने कागज तथा कपडाका झोला बुनाई सम्बन्धी ४ दिने तालिमको २०७३ बैशाख २७ गते समुद्घाट गर्नुहुदै






-नगरलाई वातावरणमैत्री नगर निर्माण गर्नको लागि शहरी वडाहरुमा नगरपालिकाका कर्मचारी, नगरस्तरीय राजनैतिक दल र सम्बन्धित टोल विकास संस्थाद्वारा प्रत्येक शुक्रवार टोल सरसफाई अभियानमा स्वास्थ्य सचिव श्रीमान् शान्तबहादुर श्रेष्ठज्यू तथा प्रमुख एवं कार्यकारी अधिकृत श्रीमान् डिल्लीराम सिग्देलज्युको सहभागितामा संचालन गरिएका झलकहरु






-विद्यालय स्तरमा प्र.अ., वि.व्य.अध्यक्ष र वातवरण सम्बन्धी शिक्षकहरुलाई २०७३ जेठ ३१ र ३२ गते प्रमुख एवं कार्यकारी अधिकृत र बरिष्ठ आ.ले.प.अधिकृतद्वारा वातावरण सम्बन्धी अभिखीकरण कार्यक्रम संचालन गरिएको झलक





-वातावरणमैत्री नगरको लागि आधारभूत सूचकहरु मध्ये वडा नं.२ मा रहेको सिद्धार्थ चोकमा निर्माणाधीन मिनी पार्क र वडा नं. १० मा रहेको बाल उद्यान पार्कको स्तरोन्नति पछिको झलक





-व्यास १० स्थित भेतरीमा मादीनदी तटबन्धन एवं भूक्षय रोकथामका लागि ग्याबिन तारजाली भरी संरक्षण तथा सार्वजनिक जग्गा संरक्षण कार्यक्रम अन्तरगत भतेरीमा गरिएको जग्गा रेखांकन एवं तारवारद्वारा गरिएको संरक्षण कार्यको झलक





-नगरका शहरी वडाहरुमा हरियाली प्रर्वद्धनका लागि खाली पर्ति एवं शहरी सडक किनारामा गरिएको बृक्षारोपण कार्यक्रमको झलक




-नगरस्तरीय वातावरणमैत्री स्थानीय शासन समन्वय समितिको बैठक एवं विभिन्न वडामा वातावरणमैत्री वडा घोषणाका लागि गरिएको गतिविधिहरुको अनुगमन झलक



# नगरस्तरीय वातावरणमैत्री स्थानीय शासन समन्वय समितिका पदाधिकारीहरुको नामावली

अध्यक्षः प्रमुख एवं कार्यकारी अधिकृत श्री डिल्लीराम सिग्देल, व्यास नगरपालिका कार्यालय

सदस्यः प्रशासकीय अधिकृत श्री सुरेश ढकाल, जिल्ला प्रसाशन कार्यालय

,, योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री नारायणप्रसाद अधिकारी, जि.वि.स.

,, इन्जिनियर श्री विष्णु अधिकारी, जिल्ला प्राविधिक कार्यालय

,, इन्जिनियर श्री चिञ्जीवी सेढाई, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

,, सहायक वन अधिकृत श्री नारायणप्रसाद कोइराला, जिल्ला वन कार्यालय

,, जि.शि.अ. श्री टोपबहादुर श्रेष्ठ, जिल्ला शिक्षा कार्यालय

,, जनस्वास्थ्य अधिकृत श्री दुर्गा चापागाई, जिल्ला स्वास्थ्य कार्यालय

,, प्रमुख मालपोत अधिकृत श्री दिवाकर पौडेल, जिल्ला मालपोत कार्यालय

,, नापी अधिकृत श्री सहदेव सुवेदी, जिल्ला नापी कार्यालय

,, बागवानी अधिकृत श्री ठाकुरप्रसाद देवकोटा, जिल्ला कृषि विकास कार्यालय

,, पशु चिकित्सक श्री बाबुराम जमरकट्टेल, जिल्ला पशुसेवा कार्यालय

,, भूसंरक्षण अधिकृत श्री निर्मल थापा, जिल्ला भूसंरक्षण कार्यालय

,, सभापति श्री कृष्ण आचार्य, त.उ.बा.संघ दमौली बजार इकाई

,, अध्यक्ष श्री रामलिला सुवर्णकार, एन.जि.ओ. फेड्रेसन, तनहुँ

,, शाखा अधिकृत श्री कृष्णराज घिमिरे, व्यास नगरपालिका कार्यालय

-अनुगमन तथा मूल्यांकन अधिकृत श्री रोशन चिकंबन्जार, व्या.न.पा. कार्यालय

-वडास्तरीय वातावरणमैत्री समन्वय समितिका संयोजक श्री इश्वरी प्रसाद रिमाल, वडा नं.१३

-वडा सचिवः श्री नवराज कंडेल, व्या.न.पा.वडा नं.१३

-सामाजिक परिचालक श्री शान्ता पौडेल रानाभाट, व्या.न.पा.वडा नं.१३

<u>प्रतिवेदन निर्माणकर्ता</u>

बरिष्ठ आलेप अधिकृत श्री कुमार कंचन जि.सी.

कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले


# वातावरणमैत्री घोषणाका आधारभुत सुचकहरुको फोटो झलकहरु
## व्यास नगरपालिका वडा नं. १३



सरसफाई अभियान



सरसफाई अभियान



सुधारिएको चुल्हो



खानेपानी मुहान संरक्षण



पोखरी



पोखरी



मुहान संरक्षण



नर्सरी



सौर्य उर्जा



सौर्य उर्जा